घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

प.सं.०७९/८०
च.नं. ४६६७

मितिः२०८०।०१।२१

श्री वडा कार्यालय सबै,(स्वास्थ्य संस्था,विद्यालय सबै),
घोराही उपमहानगरपालिका , दाङ ।

विषयः- शारीरीक अपाङ्गता घुम्ती शिविर संचालन सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र बनेपा काभ्रेपलान्चोकको प.सं.०७९।८० च.नं.५३६ मिति २०८०।०१।१५ गतेको पत्रअनुसार लुम्बिनी प्रदेश,स्वास्थ्य मन्त्रालयको संयुक्त आयोजना र घोराही उपमहानगरपालिकाको समन्वयमा १ दिने शारीरीक अपाङ्गता भएका बालबालिकाको स्वास्थ्य परिक्षण एवम् अपाङ्गता पहिचानको लागि स्वास्थ्य तथा पुनर्स्थापन घुम्ति शिविर मिति २०८० साल बैशाख २६ गते घोराही उपमहानगरपालिकाको वडा नं १४,आधारभुत प्राथमिक विद्यालय बालमन्दिरमा बिहान ९ बजे देखि संचालन हुने भएकोले अस्पताल (HRDC) मा आएर उपचार गराईरहेका र नयाँ १८ वर्ष मुनिका शारीरीक रुपले अपाङ्गता भएका बालबालिकाको अभिभावकहरुलाई त्यस वडा भित्र रहेका स्वास्थ्य संस्था,विद्यालय,आमा समूह,म.स्वा.स्वयम् सेविका,युबा क्लब,टोल विकास संस्था मार्फत सूचना प्रवाह गरी तपसिल बमोजिमको समस्या रहेका लाभग्राहीहरुलाई उक्त शिविरमा सहभागी गराउन आवश्यक समन्वय गरिदिनु हुन अनुरोध छ ।

भोजराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

भोजराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१. जन्मजात खुट्टाको पैताले भित्र वा बाहिर फर्केको,
२. आगोले पोलेर अंगहरु एक आपसमा टासिएको,
३. खुट्टा लुलो तथा कमजोर भएको,
४. भाच्चिएर बाङ्गो वा हड्डि नजोडिएको,
५. जोर्नी वा घुडाको पांग्रा फुस्कीएको,
६. ढाड बाङ्गो वा कुप्रो भएको,
७. जोर्नीहरु दुख्ने र सुन्निने समस्या भएको,
८. हड्डि पाक्ने लामो समय देखि पिप आइरहेको,
९. हड्डिको टि.वि.रोग लागेको,
१०. औलाहरु एक आपसमा टांसिएको वा बढि भएको,
११. कृतिम हातखुट्टा आवश्यक भएको,
१२. शारीरमा रहेका रडहरु निकाल्नुपर्ने व्यक्तिहरु,
१३. हड्डि पलाएको वा गाटागुठी भएको ।

नोटः-घुम्ती शिविरमा आउँदा अस्पतालमा चेकजाँच गराएको रिपोर्ट/एक्सरे कार्ड/लगाउन दिएको सहायक सामाग्री लिएर आउनुहोला ।

बोधार्थ

श्री अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र बनेपा काभ्रेपलान्चोक ।